सिद्धार्थनगर नगरपालिका कार्यालय

सिद्धार्थनगर(भैरहवा), रुपन्देही, लुम्बिनी अञ्चल,नेपाल

आ.व. २०६९/०७० को

लेखापरीक्षकको

अन्तिम लेखापरीक्षण प्रतिवेदन तथा वित्तीय/अन्य विवरणहरु

प्रेम भुर्तेल

(चार्टर्ड एकाउण्टेण्ट्स)

भुर्तेल एण्ड एसोसिएट्स

बुटवल–११,गणेश पथ, रुपन्देही ।

सम्पर्क :–फोन नं.०७१–६८०२५४

Regd. No. : 429/068/069

PAN : 101820794

Bhurtel & Associates
Chartered Accountants

सिद्धार्थनगर नगरपालिका
दर्ता नं. ८२९६
मिति २०७०।८।१२

मितिः २०७०/०८/१२

श्रीमान् नगरपालिका प्रमुख ज्यू
सिद्धार्थनगर नगरपालिका,
भैरहवा, रुपन्देही ।

श्री आ.प्र.
श्रीमान् का.अ.ज्यू समक्ष पेश गर्ने हुन ।
८।१२

विषयः आ.व. २०६९/०७० को अन्तिम लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

महाशय,

उपरोक्त सम्बन्धमा हामीले त्यस सिद्धार्थनगर नगरपालिकाको आ.व. ०६९/०७० को वित्तीय विवरणहरु हामीलाई उपलब्ध गराएको बिल भौचर तथा अभिलेखको आधारमा प्रचलित लेखापरीक्षण प्रणाली अनुसार लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण प्रतिवेदन पेश गरेका छौं ।

श्री लेखा शाखा
कार्यार्थ ...
८।१२

....
सिए. प्रेम भुर्तेल
भुर्तेल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

Butwal-11, Ganesh Path, Milanchowk, Rupandehi
Tel. : 071-545615, E-mail : ca_bhurtel@yahoo.com, info@bhurtelassociates.com.np
Website : www.bhurtelassociates.com.np

१. <u>लेखापरीक्षणको आधार</u>

सिद्धार्थनगर नगरपालिकाद्वारा यस लेखाव्यवसायी फर्म भुर्तेल एण्ड एसोसिएट्सलाई आ.व. २०६९/०७० लागि लेखापरीक्षकमा नियुक्ति गरिएकोमा स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली २०५६, स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०६४, नेपालमा अपनाईने लेखापरीक्षणमान र नेपाल सरकारको प्रचलित लेखापरीक्षण व्यवहारमा समेत आधारित भै लेखापरीक्षण सम्पन्न गरेका छौं । हामीले नगरपालिकाको जानकारी, समर्थन र प्रतिक्रियाको लागि लेखापरीक्षणको प्रारम्भिक प्रतिबेदन पेश गरेका छौं । हामिले प्रस्तुत गरेको लेखा परिक्षकको प्रारम्भिक प्रतिवेदन उपर यस नगरपालिकाको प्रतिक्रिया उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछौं ।

२. <u>लेखापरीक्षणको सिमा क्षेत्र</u>

सिद्धार्थनगर नगरपालिकाको आर्थिक वर्ष ०६९/०७० को पेश भएका श्रेस्ता खाता र बिल भर्पाई र सोको आधारमा तयार पारिएको वित्तीय विवरणहरुको लेखापरिक्षण सम्पन्न गरेका छौं । यी वित्तीय विवरणहरु प्रति नगरपालिका व्यवस्थापनको उत्तरदायित्व रहने छ र उक्त विवरणहरु प्रति आधारित भै लेखापरीक्षकको राय व्यक्त गर्नु हाम्रो उत्तरदायित्व रहेको छ ।

लेखापरीक्षण र यसको प्रकियाको सम्बन्धमा कुनैपनी सिमागत बाध्यता गरिएको छैन ।

३. <u>कार्य प्रगतिको वित्तीय झलक</u>

तपसिल उल्लेख तालिकाबाट त्यस नगर पालिकाको गत विगत दुई वर्षको तुलनात्मक उपलब्धीको विश्लेषण गर्न सकिने छ ।

<u>आम्दानी विवरण</u>

विवरण	आ.व. ०६८/०६९ वास्तविक	आ.व. ०६९/०७० अनुमानित	आ.व. ०६९/०७० वास्तविक
शुरु मौज्दात	५९,३६,५६६।५९	९२,५६,९२०।३९	९२,५६,९२०।३९
आन्तरीक श्रोत	३,७८,५७,९२२।२६	४,१०,४२,२९३।९५	५,०३,५५,४७८।५१
बाह्य श्रोत	८,८१,९४,८९२।४९	५,७९,५५,३१८।००	८,७०,०१,२९६।२७
जम्मा	१३,१९,८९,२८१।३४	१०,८२,५४,५३२।३४	१४,६६,१३,६९५।१७

<u>खर्च विवरण</u>

विवरण	आ.व. ०६८/०६९ वास्तविक	आ.व. ०६९/०७० अनुमानित	आ.व. ०६९/०७० वास्तविक
चालु खर्च	५,८१,२९,०३३।६१	६,४०,३९,५००।००	६,०४,९८,७९९।०७
पुंजीगत खर्च	६,२९,३३,१३८।१२	४,४२,१५,०३२।३४	६,४७,९२,९८७।८४
मानव संशाधन विकास कोष	०।००	०।००	१६,१२,२००।००
एकिकृत शहरी विकास परियोजना	०।००	०।००	१,७३,९६,८३२।२७
जम्मा	१२१,०६२,१७१।७३	१०,८२,५४,५३२।३४	१४,४३,००,८१९।१८

यस आर्थिक वर्षमा गत वर्षको खर्च भन्दा सञ्चालन खर्च रु. २३,६९,७६५।४६ ले अथवा ४.०८% ले वृद्धि देखिन्छ भने विकास खर्चमा रु. १८,५९,८४९।७२ अथवा २.९६% ले वृद्धि भएको देखिन्छ । यस आ.व.मा मानव संशाधन विकास कोष अन्तर्गत रु. १६,१२,२००।०० तथा एकिकृत शहरी विकास परियोजना अन्तर्गत रु. १,७३,९६,८३२।२७ खर्च भएको छ । यस वर्ष कुल खर्चमा २,३२,३८,६४७।४५ ले अथवा १९.२०% ले वृद्धि देखिन्छ साथै कुल बजेटको ५१.७१% विकास खर्च गरेको देखिन्छ ।

४.<u>बजेट र वास्तविक वित्तीय कारोवारको विश्लेषण</u>

त्यस नगरपालिकाले आ.व. ०६९/०७० का लागि गरेको बजेट अनुमान र त्यसको वास्तविक उपलब्धीमा हाम्रो टिप्पणी यस प्रकार रहेको छ ।

(क) आम्दानी समग्र शिर्षकमा बजेट अनुसार अनुमान रु १०८२५४५३२।३४ गरेको मा रु. १४६६१३६९५।१७ आन्दानी गरी रु. ३,८३,५९,१६२।८३ ले अर्थात ३५.४३% आम्दानी वृद्धि भएको छ ।

(ख) व्यवसाय करको व्यक्तिगत लगत अनुसार आ.व. ०६९/०७० मा असुल उपर गर्न बांकी व्यवसाय कर रु. २८,२०१,४२५।५५ रहेकोमा रु. २८,४१,९९३।१६ करीब १० प्रतिशत असुल गरेको पाइयो । बजेट तर्जुमा गर्दा नगरपालिकाले रु. २,४००,०००।०० मात्र असुलीको लक्ष्य निर्धारण गरेको देखिन्छ । उक्त बक्यौता रकम

नगरपालिकाको आन्तरीक आय स्रोतको ठूलो हिस्सा रहेको हूनाले असूल उपर गर्न प्रभावकारी असूली योजना तयार पार्नूपर्ने देखिन्छ । साथै केहि व्यवसायहरु विगत लामो समयदेखि संचालनमा नरहेको पाइएको तर उक्त व्यवसायहरुको व्यवसाय कर असुल बांकी देखिएकोले नगरपालिकाले वास्तविक रुपमा असुल गर्नु सक्ने कर भन्दा बढि असुल बांकी देखिएको हुंदा संचालनमा नरहेका व्यवसायीहरुको पहिचान गरी संचालनमा रहेका व्यवसायको मात्र असुल बांकी कर हिसाव गर्न सुझाव छ । साथै नगरपालिकामा दर्ता नभएका बैंक तथा वित्तीय संस्थाहरुलाई दर्ता गराउन पहत गर्नुपर्ने देखिन्छ ।

५. आन्तरिक नियन्त्रण प्रणालीको परिक्षण

हामीले त्यस नगरपालिकाको वित्तीय व्यवस्थापनको विश्वसनीयताको लागि अपनाईएका विभिन्न आन्तरीक नियन्त्रण प्रणाली प्रकियाको सामान्य समिक्षा तथा परिक्षण गरेका छौं । यि समिक्षा तथा परिक्षणले सबै प्रकारका आन्तरिक प्रणालीका कमि कमजोरीहरु, लेखापरिक्षणमा छनौट प्रक्रिया (Sampling Method) अपनाइएकोले प्रकाशमा नआउन सक्दछन् । हामीले केही आन्तरीक नियन्त्रण प्रणालीको पालना, यसमा सुधार र यस विपरित भए गरेका तथ्यहरु यसै प्रतिवेदनको विभिन्न सम्बन्धित ठांउमा समावेश गरेका छौं ।

६. लेखा अभिलेख / लेखाङ्कन विधि

त्यस नगरपालिकाको आ.व. ०६९/०७० को हिसाब किताब सरकारी श्रेस्ता प्रणाली अनुसार राखिएको छ ।

स्थानिय निकाय (आर्थिक प्रशासन) नियमावली २०५६ को परिच्छेद ३ नियम १६ अनुसार पांच बर्ष भित्रमा नगरपालिकाको लेखा, दोहोरो लेखा प्रणालीको कर्पोरेट एकाउण्टको आधारमा राख्नु पर्ने व्यवस्था भएकोमा हालसम्म भए गरेको देखिएन ।

यसरी सरकारी श्रेस्ता प्रणालीको आधारमा लेखा राख्दा नगरपालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रणमा अन्योल रहन जान्छ ।

राजस्व सम्बन्धी

Bhurtel & Associates Butwal Chartered Accountants

७. एकिकृत सम्पत्ति कर :

७.१) एकिकृत सम्पत्ति करको लागि जडान गरीएको सफ्टवेयरले ऋणात्मक गणना गर्ने गरेको अर्थात् वास्तविक संकलित रकम भन्दा बढि रकम देखाउने गरेको हुंदा सफ्टवेयर मर्मत गराउन सुझाव छ ।

७.२) एकिकृत सम्पत्ति कर सफ्टवेयर को संचालन सम्बन्धि नगरपालिकाले एउटा कार्यविधि तयार पारी आन्तरिक नियन्त्रण प्रभावकारी गराउन सुझाव छ ।

७.३) नगरपालिकाले यु.सि.एम.एस., नेशनल ट्रेडिङ्ग, साल्ट ट्रेडिङ्ग आदि जस्ता ठुला करदाताहरु बाट एकिकृत सम्पत्ति कर असुल गर्नु पहल गर्नुपर्ने देखिन्छ ।

८. विभिन्न व्यक्ति तथा संस्थालाई धरौटी रकम बाट भूक्तानी रकम रु. ४,४४,०००।०० हालसम्म पनि फिर्ता नभएको हूंदा धरौटी जिम्मेवारी कम हून गएको देखिन्छ । उक्त रकम अबिलम्ब धरौटी हिसाबमा जम्मा गर्न विशेष पहल गर्नुपर्ने देखिन्छ ।

९. मनोरन्जन कर कति असुल हुनुपर्ने र कति असुल भयो भन्ने विषयमा विश्लेषण गरी सम्वन्धित करदाता बाट विस्तृत विवरण सहितको कर असुल गर्नुपर्ने देखिन्छ ।

१०. घर बहाल कर असुली न्यून भएको र घरधनीले घोषण गरेको मुल्यमा घर बहाल कर लिने गरीएको हुंदा आन्तरीक राजस्व कार्यालय संग समन्वय गरी तहां करदाताबाट घोषणा गरेको बहाल रकमलाई आधार मानि घर बहाल कर असुलीलाई प्रभावकारी गराउन सुझाव छ ।

११. राजस्व असूली केही दिन ढिला गरी बैंक दाखिला भएको पाइयो जस्तै:

क.सं.	भौचर नं.	संकलन मिति	बैंक दाखिला मिति
१	१, २०६९।०४।२३	२०६९।४।१ देखि २०६९।४।५	२०६९।४।९
२	४, २०६९।४।३१	२०६९।४।१४ देखि २०६९।४।१९	२०६९।४।२२ देखि २०६९।०४।३१
३	६९, २०६९।११।१३	२०६९।११।४ देखि २०६९।११।९	२०६९।११।११
४	७, २०६९।४।२३	२०६९।४।१ देखि २०६९।४।१७	२०६९।४।२१

Butwal

१२.आ.व. २०६८।०६९ असाढमा संकलित मालपोत तथा भूमिकर रु. ३,०१,०५१.८९ मध्ये आ.व. २०६९।०७० को श्रावण ९ र ३१ गते क्रमश: रु.२,०१,८३०.१८ र १,०६,४९७.३५ गरी बैंक दाखिला गरेको पाइयो ।

१३. व्यवसाय/पेशा कर संकलनको रसिद मा व्यवसाय/पेशा दर्ता नं. उल्लेख गर्न सुझाव गरिन्छ ।

१४. व्यवसाय/पेशाहरुलाई वर्गीकरण गर्नु पर्ने र सो वर्गिकरणको कर असुली गर्ने रसिदमा वर्ग उल्लेख नगरिएको हुंदा कर असुली वर्ग अनुसार गरिएको छ/छैन यकिन गर्न सकिएन ।

१५. स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०५६ को दफा ३२ अनुसार यस नगरपालिकाले विभिन्न आय शिर्षकगत भिन्न भिन्न कर संकलन रजिष्टर खाता राख्नु पर्ने व्यवस्था भएकोले सो बमोजिम गर्नुहुन सुझाव छ ।

<u>लेखा तथा आन्तरिक नियन्त्रण सम्बन्धमा:</u>

<u>चालु खर्च:</u>

१. Geosoft Technology Pvt Ltd द्वारा दिइएको एकिकृत सम्पत्तिकर तालिम पुष्टयाई गर्ने प्रमाण संलग्न भएको पाइएन । जस्तै: तालिममा सहभागी हुनेको उपस्थिति विवरण । मिति २०६९।०६।२६, भौ.न. १५४ ।

२. भुक्तानीमा कर कट्टी गरीएको कर रकम रु. १,५७,३७८.३५ मिति २०६९।०६।२५ मा आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्नेमा मिति २०६९।०६।२६ मा दाखिला गरेको पाइयो ।

३. मर्मत ज्याला भुक्तानी रु. १२,५०० मा पान बिल भएको हुंदा १५ प्रतिशत कर कट्टी गर्नुपर्नेमा १.५ प्रतिशत मात्र कट्टी गरेको पाइयो । भौ.नं. २१६, २०६९।१०।०९

४. अधिवक्ता कमलराज जोशीलाई रु. ३६,०००।०० पारिश्रमिक भुक्तानी गर्दा विना बिल बिजक भुक्तानी गरेको पाइयो । भौ.नं. ४७७, २०७०।०३।२६ ।

५. Envic Tech Engineering Services लाई ट्रेक्टरको गुणस्तर जांच गरे बापतको शुल्क रु. १०,०००।०० विना बिल बिजक भुक्तानी गरेको पाइयो ।

६. शांग्रीला माइक्रोसिस्टम प्रा.लि.लाई तालिम बापतको बिल भुक्तानी गर्दा भुक्तानी लिनेको सही छाप विना भुक्तानी गरेको पाइयो ।

७. पुस्तकालयमा भएको नगद आम्दानीलाई एक वर्षसम्म पुस्तकालयमै राख्ने गरेको पाइयो ।

८. पुस्तकालयमा भएका पुस्तकहरुको भौतिक परीक्षण गरेको नपाइएको हुंदा नियमित रुपमा भौतिक परीक्षण गर्न सुझाव छ ।

सेवा तथा सामाग्री आपूर्ति सम्बन्धमा:

नगरपालिकालाई आवश्यक पर्ने सरसमान, मसलन्द आदि सूचिकृत प्रणाली द्वारा खरीद गर्ने व्यवस्था अनुरुप गरेको तर सूचिकृत नभएका आपूर्तिकर्ताबाट पनि खरीद गरीएको पाइयो । जस्तै:

क्र.सं.	भौचर नं. र मिति	आपूर्तिकर्ता
१	६२, २०६९।०७।१७, २३२, २०६९।१०।२६	औंर्व जनरल ट्रेडर्स
२	२३४, २०६९।१०।२६	गौरी जनरल अर्डर सप्लायर्स

९. कर्मचारी इन्धन सूविधा सम्बन्धमा:

(क) नगरपालिकाले नियमानूसार उपलब्ध गराउनूपर्ने इन्धन सूविधा भन्दा बढी उपलब्ध गराएको पाइएकोले इन्धन वितरणमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

(ख) कर्मचारीलाई दिने इन्धन सूविधा सम्बन्धि जारी परिपत्रमा उल्लेख गरीएका इन्धन पाउने कर्मचारी बाहेकका कर्मचारीलाई समेत इन्धन उपलब्ध गराएको पाइयो ।

वार्षिक खरीद योजनाको सीमा भित्र रही इन्धन खरीद गर्न सुझाव दिइन्छ ।

१०. कार्यालयमा म्याद सकिएका अग्नि नियन्त्रकहरु (Fire Extinguishers) पाइएको हुंदा नयां अग्नि नियन्त्रक राख्न सुझाव दिइन्छ ।

११. हाजिरी रजिष्टरमा कार्यालयमा आएको समय र गएको समय दूबै उल्लेख गरी २ पटक हाजिर गर्नुपर्नेमा अधिकांश कर्मचारीहरुले आएको समयसहित एक पटक मात्र हाजिर गरेको पाइयो ।

सवारी साधनको लगबूक:

१. अधिकांश सवारी साधनको लगबूकमा दूरीको हिसाब राख्ने गरेको पाइएन तसर्थ यथार्थ इन्धन खपत परीक्षण गर्न सकिएन । जस्तै: लु.१.द. ६५ र लु.१.द. ६७ नम्बरको ट्रेक्टर । मोटरसाईकल, जेनेरेटर, टिप्परको लगबूक तयार नगर्ने गरेको पाइयो ।

२. लू.१.त. ३११५, लू.अ.ग. ७३, लू.१.फ. १६७ र लू.१.ग. ७२ नम्बरको सवारी साधनको मिटर लामो समयदेखि बिग्रेको अवस्थाका रहेको हूंदा यथार्थ इन्धन खपत परीक्षण गर्न सकिएन । बारुण यन्त्रको २०६९।४।१ देखि २०६९।६।३० सम्मको मात्र लगबूक भएको बाकी अवधिको लगबुक तयार नभएको पाइयो ।

३. नगरपालिकाले अनूसुचि ४५ बमोजिमको ढांचामा लगबुक राख्नुपर्नेमा भिन्न ढांचामा राख्ने गरको पाइयो । सवारी साधन प्रयोग गर्ने अधिकारीको लगबुकमा दस्तखत हुनुपर्ने व्यवस्था रहेकोमा नभएको पाइयो ।

नगद मौज्दात राख्न सकिने

स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०५६ को दफा १४१ अन्र्तगत नगद मौज्दात राख्न सकिने व्यवस्था भए पनि यस नगरपालिकाले यस्तो नगद रु.२५,०००।०० राख्ने गरेको देखिएन । सो विपरित दैनिक रुपमा गर्नु पर्ने स-साना खर्चहरु समय समयमा बिल भर्पाइ पेश गरी भुक्तानी गरिएको छ ।

यस सम्बन्धमा नगरपालीकाले सानो नगदी खाता राखी यस खातामा आम्दानी गरिएको रकम र सोको विपरित सोधभर्ना गरिएको खर्चहरु दैनिक रुपमा अभिलेख खडा गरि राख्नुपर्ने सुझाव दिइन्छ ।

Bhurtel & Associates Butwal Chartered Accountants

पुंजीगत खर्च

१. मायादेवी चोकदेखि पुर्व सतह ढल निर्माणको कार्यमा श्री चण्डी निर्माण सेवालाई दिइएको मा २०७०।०२।१५ मा कार्य सम्पन्न भई सक्नुपर्ने तर २०७०।२।१४ मा चण्डी निर्माण सेवाले पूनः म्याद थप निवेदन दिएकोमा म्याद थप पनि नभएको र कार्य पनि सम्पन्न नभएको पाइयो । साथै उक्त कार्यको इन्जिनियरबाट प्राविधिक जांच गरी कार्य गुणस्तर नभएको पाइयो ।

२. उपभोक्ता समितिबाट विकास खर्च निकासा गर्दा सो सम्बन्धी खर्च भएको रकमको रु. रु. ५,७६,८००।०० बराबरको कंक्रिट पानमा मात्र दर्ता भएको फर्मबाट खरीद भएको पाइयो । नाला निर्माण, वडा नं. ९ ।

३. उपभोक्ता समिति मार्फत गरिएका विकास निर्माणका कामहरु नगरपालिकाद्वारा समय समयमा सुपरिवेक्षण गर्ने साथै कार्य सम्पन्न भइसकेपछि सो को रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नु पर्नेमा सोको प्रमाण नभएको ।

४. भौ.नं.१२२, २०६९।१०।०३, खुला दिशा मुक्त तथ्य संकलनको ज्याला दिंदा भुक्तानी विवरणमा सरस्वती घिमिरेको हस्ताक्षर नभएको पाइयो ।

५. स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०६४ मा अमानतमा कार्य गराउन मिल्ने व्यवस्था नभएको तर नगरपालिकाद्धारा अमानतमा कार्य गराउने कार्य भैरहेको हूंदा सो कार्य निरुत्साहित गर्नुपर्ने देखिन्छ ।

६. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४, को नियम २९ बमोजिम लगत इष्टिमेट दश प्रतिशत सम्म बढी काम गर्नुपरेमा पर्याप्त प्राविधिक पुष्ट्याई सहित सम्बन्धित पदाधिकारी सिफारिसमा सचिवले अग्रीम रुपमा भेरिएसन अर्डर स्वीकृत गर्नुपर्ने व्यवस्था भएकोमा सो बमोजिम भएको पाइएन । जस्तै:

- भौ.नं. १३५, म्युचुवल कन्सट्रक्सन मधवलियाले डांडा गांउ सडक कालोपत्रे तथा नाला निर्माण कार्य ।
- भौ.नं. २७६, सफिक निर्माण सेवाले सिसवा भुजौली सडक पिच कार्य ।

पेश्की

नगरपालिकाको कतिपय पेश्की तथा अग्रीम भुक्तानीहरु धेरै समयदेखि फर्छयौट हुन बांकी देखिएको हुंदा स्थानिय निकाय (आर्थिक प्रशासन) नियमावली २०५६ को नियम १०२ अनुसार पेश्की फर्छयौटको लागी यथाशिघ्र पहल गर्नु पर्ने देखिन्छ ।

जिन्सी

१. खप्ने सामानहरुको जिन्सी खातामा कतिपय जिन्सी सामानको मुल्य, परिमाण तथा सामान रहेको स्थान तथा जिम्मेवार शाखा/कर्मचारी, आदि उल्लेख गर्ने गरेको पाईएन साथै खप्ने समानहरुमा कोडीङको व्यवस्थागर्ने गरेको समेत पाईएन जसले गर्दा कतिपय समानहरु यथार्थ अवस्थाको जानकारी हुन सकेन ।

२. स्थानिय निकाय (आर्थिक प्रशासन) नियमावली २०५६ को नियम १२० अनुसार मुल्य नखुलेको जिन्सी सामानको नियम १२०(४) र १२०(५) अनुसार मुल्य उल्लेख गरि लगत अद्यावधिक गर्नुपर्ने र सोको जानकारी नियममा तोकिएको निकायलाई तोकिएको समयमा गराउनु पर्नेमा सो अनुसार भए गरेको देखिएन ।

३. जिन्सी समान खरीद गर्ने तथा दाखिला गर्ने व्यक्ति एउटै व्यक्ति भएको हुंदा आन्तरिक नियन्त्रणमा प्रभावकारिता नआउन सक्ने सम्भावना रहने हुंदा उचित व्यवस्था गर्न सुझाव छ ।

४. खर्च भएर जाने पुराना फर्महरु तथा अनुसूचीहरुको ढांचा परिवर्तन भएको हुंदा सो फर्महरु धुल्याउनु पर्ने देखिन्छ ।

५. कार्यालयमा रहेका मर्मत हुन नसक्ने सवारी साधन तथा अन्य जिन्सी समानको लिलाम बिक्री भर्नपर्ने देखिन्छ ।

६. स्थीर सम्पत्तिको सांकेतिकरण गरी राख्न सुझाव छ ।

७. माग फाराम नं. ४३१ (क) मा आदेश दिनेको दस्तखत नभएको पाइयो । यस फाराममा भएको भलिबल दाखिला नभएको पाइयो ।

विविध

१. जोखिम व्यवस्थापन

त्यस नगरपालिकाको नाममा रहेका मोटर साईकल, स्थायी प्रकृतिको सम्पत्ति, भवनहरुको भविष्यमा हुन सक्ने सम्भावित दुर्घटना, हुलदंगा, आगजनी आदि गतिविधिबाट सुरक्षित हुनको लागि बिमा गरि जोखिम न्यूनीकरण गर्न सुझाव दिईन्छ ।

Bhurtel & Associates Butwal Chartered Accountants

२. आन्तरिक लेखापरिक्षण

स्थानिय निकाय (आर्थिक प्रशासन) नियमावली २०५६ को नियम ३० अनुसार ऐनको दफा १३५ को प्रयोजनको लागि आन्तरीक लेखापरीक्षण शाखाको व्यवस्था गर्नुपर्नेमा सो अनुसारको व्यवस्था भए गरेको देखिएन ।

भुर्तेल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स
सिए. प्रेम भुर्तेल